मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २ गते शनिबार ❑ 18 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## जनकविकेशरी थापाको योगदान अविष्मरणीय: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले जनकविकेशरी धर्मराज थापाले नेपाली लोकसंगीतमा पुऱ्याउनुभएको योगदान अविष्मरणीय रहेको बताउनुभएको छ।

धर्मराज-सावित्री थापा प्रतिष्ठानले जनकविकेशरी थापाको १०२ औं जन्मजयन्तीको अवसरमा आयोजना गरेको सम्मान कार्यक्रममा प्रमुख अतिथि भट्टले लोकगीतमै नेपालीपन देख्नुहुने थापाले लोक साहित्य, संस्कृति एवं लोकगीत संगीत विधामा थापाले उल्लेखनीय योगदान पुऱ्याउनुभएको स्मरण गर्नुभयो। 'नेपाली लोकगीतको ढुकढुकी, माटोको सुगन्ध बोकेका कालजयी सर्जक धर्मराज थापा नेपाली गाउँबेसी, उकाली-ओराली र पाखा-पखेराका भाकाहरूलाई सङ्कलन गरी तिनलाई राष्ट्रिय पहिचान दिने एक संवाहक हुनुहुन्थ्यो।'



प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'उहाँले गाउँ-गाउँ पुगेर हराउन लागेका लोक धुन र भाकाहरू संकलन गर्नुभयो। उहाँका कालजयी सिर्जनाहरू आज पनि नेपाली मनमस्तिष्कमा उत्तिकै जीवन्त रहेका छन्। उहाँका गीतहरूमा देशप्रेम, प्राकृतिक सौन्दर्य र नेपाली समाजको वास्तविक तस्बिर झल्कन्छ।'

नेपाली हुनुमा गर्व गर्ने र नेपाली माटोलाई माया गर्ने हरेक पुस्ताका लागि धर्मराज थापाका सिर्जनाहरू मार्गदर्शक रहेको प्रदेश प्रमुख भट्टको भनाई थियो। 'आजको यो आधुनिक र पश्चिमा संस्कृतिले प्रभाव पार्दै गएको समयमा धर्मराज थापाजस्ता महान् साधकको योगदानलाई स्मरण गर्नु अझ बढी सान्दर्भिक भएको छ।' उहाँले भन्नुभयो। हाम्रो मौलिक लोक कला र संस्कृति नै हाम्रो पहिचान रहेको बताउँदै उहाँले थप्नुभयो- 'हामीले केवल उहाँका गीत गाएर वा उहाँको सम्झनामा कार्यक्रम आयोजना गरेर मात्र उहाँप्रति सम्मान व्यक्त गरेको ठहरिँदैन। उहाँले देखाउनुभएको सांस्कृतिक संरक्षणको अभियानलाई निरन्तरता दिनु, लोकसाहित्यको अनुसन्धानलाई प्रोत्साहन गर्नु, युवा पुस्तालाई लोकसंस्कृतिसँग जोड्नु तथा मौलिक सांस्कृतिक सम्पदाको संरक्षण गर्नु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ।' कुनै पनि राष्ट्रको वास्तविक पहिचान त्यसको भाषा, साहित्य, संस्कृति र लोकजीवनमा सुरक्षित रहेको हुन्छ भन्दै प्रदेश प्रमुख भट्टले ती सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने स्रष्टाहरू राष्ट्रका अमूल्य सम्पत्ति रहेको बताउनुभयो।

प्रतिष्ठानका अध्यक्ष मदनराज थापाको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति प्रा.डा. कुशुमाकर न्यौपाने लगायतले बोल्नुभएको थियो। उक्त अवसरमा प्रतिष्ठानले लोक संस्कृति साहित्य पुरस्कारबाट विशिष्ट साधक विश्वप्रेम अधिकारी र लोकसंगीत पुरस्कारबाट भैरव सांस्कृतिक संरक्षण समिति पोखरालाई नगदसहित सम्मान गरिएको थियो।

## आन्तरिक राजश्व कार्यालयमा पुन: कर सहायता कक्ष संचालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

आन्तरिक राजस्व कार्यालय पोखरा परिसरमा निःशुल्क करदाता सहायता कक्ष स्थापना गरिएको छ।

पोखरा उद्योग वाणिज्य संघले जर्मन सहयोग संस्था जीआइजेडको दीगो विकासका लागि राजश्व सुधार परियोजना (आरएसआरएसडी) कक्षको शुक्रबार प्रमुख अतिथि कास्कीका प्रमुख जिल्ला अधिकारी कुममानसिंह गुरुङले सो कक्षको उद्घाटन गरे। सो कक्ष उद्घाटनमा नेपालस्थित जर्मन राजदूतावासका हेड बेञ्जामिन साइडर तथा जीआइजेड नेपालकाको तर्फबाट मेन्दी राजा रिज्वी, आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख शिवसाद ढुंगाना र जिआइजेडका वित्तीय सल्लाहकार नविनलाल श्रेष्ठ पनि सहभागी थिए। सो अवसरमा बोल्दै प्रमुख अतिथि कास्कीका प्रमुख जिल्ला अधिकारी गुरुङले करदाता सहायता कक्षले नागरिकलाई सहज तरिकाले कर तिर्ने वातावरण सिर्जना गर्ने बताए। २०८१ सालमै त्यहाँ कर सहायता कक्ष स्थापना गरिएको थियो। तर, जेनजी आन्दोलनको क्रममा आन्तरिक राजश्ज कार्यालयसँगै सो कक्ष पनि पूर्णरुपमा ध्वस्त भएपछि केही दिन सो कक्षबाट सेवा रोकिएको थियो। लगत्तै पोखरा उद्योग वाणिज्य संघले अस्थायी तवरले नै त्यहाँ कर सहायता कक्ष संचालन गरेकोमा जीआइजेडको सहयोगमा अहिले पहिलेकोभन्दा पनि सुव्यवस्थित कक्ष संचालनमा ल्याइएको हो। स्वागत मन्तव्यको क्रममा कार्यक्रम तथा संघका अध्यक्ष गोकर्ण कार्कीले स्वागत मन्तव्यको क्रममा १२३ दिन चलेपछि कर सहाययता कक्षमा आगजनी भएको सम्झँदै ती निर्जीव सामान जलाएर कसैलाई फाइदा नभएको बरु नागरिकले दुःख पाएको स्मरण गरे।





अध्यक्ष कार्कीका अनुसार कक्षमा ५ वटा कम्प्युटर, प्रिन्टर, डिस्प्ले बोर्डलगायत सामग्रीसहित संघले एकजना कर्मचारीको व्यवस्था गरेको छ। ती कर्मचारीमार्फत करदाताहरुलाई दर्ता, नवीकरण, करचुक्ता, कर शिक्षा-परामर्श लगायतका सेवा दिइनेछ। कार्यक्रममा बोल्दै नेपालस्थित जर्मन राजदूतावासका हेड बेञ्जामिन साइडरले कर संकलन देश निर्माणको लागि महत्वपूर्ण रहेको र कर तिर्नु नागरिकको दायित्व भएको बताए। कर प्रशासन नागरिक मैत्री हुनुपर्ने बताउँदै उनले कर सहायता कक्ष निर्माणलाई दातृ संस्था,सरकार,निजी क्षेत्र र नागरिक समाजको सहकार्यको रुपमा अर्थ्याए। जीआइजेड प्रतिनिधि मेन्दी राजा रिज्वीले कर सहायता कक्षसँगै जिआइजेडले कर शिक्षा कार्यक्रममा पनि सहयोग गर्दै आइरहेको बताए। आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख शिवप्रसाद ढुंगानाले नागरिकको सुविधाजनक रुपमा कर तिर्न पाउने अधिकारका लागि सो कक्ष स्थापना भएको बताए। उनले अहिले विभिन्न क्षेत्रमा कर छुटको घोषणा भएको बताउँदै त्यसको फाइदा लिन आग्रह पनि गरे। पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमका अनुसार कर सहायता कक्षमा बसेर करदाताले आफूलाई चाहिने फाइलहरु अनलाइन खोज्न,चाहिएको कागज प्रिन्ट गर्न वा आफ्नो कर विवरण भर्न सक्नेछन्।

## उच्च अदालत पोखराको ७५.८८ प्रतिशत कार्यप्रगति

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

जेन्जी आन्दोलनका क्रममा भएको आगजनी, तोडफोड र लुटपाटका कारण कार्यालय भवन, अदालत परिसर तथा अभिलेखमा ठूलो क्षति पुगेपछि करिब तीन महिना सेवा प्रवाह प्रभावित भएको अवस्थामा पनि उच्च अदालत पोखराले आर्थिक वर्ष २०८२/८३ मा ७५.८८ प्रतिशत कार्यप्रगति हासिल गर्न सफल भएको छ।

उच्च अदालत पोखराले शुक्रबार आयोजना गरेको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति सम्बन्धी सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा मुख्य न्यायाधीश डा.रत्नबहादुर बागचन्दले विपरीत परिस्थितिका बीच पनि अदालतले सेवा प्रवाहलाई निरन्तरता दिँदै लक्ष्यअनुसार उल्लेखनीय प्रगति हासिल गरेको बताउनु भयो। मुख्य न्यायाधीश बागचन्दले जनतालाई निष्पक्ष, छिटोछरितो र समयमै न्याय प्रदान गर्नु अदालतको प्रमुख दायित्व रहेको उल्लेख गर्दै आफूहरू संविधान, कानुनको विधि र कानुनको परिधिभित्र रहेर न्याय सम्पादनमा प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले अदालतमाथि भएको आगजनी



र तोडफोडपछि कर्मचारी, न्यायाधीश तथा सुरक्षा निकायको समन्वयमा सेवा पुनः सञ्चालन गरी छोटो समयमै नियमित अवस्थामा फर्काउन सफल भएको पनि जानकारी दिनुभयो। आर्थिक वर्ष २०८२/८३ मा ७५० वटा जिम्मेवारी सरेका र १ हजार ३१९ वटा नयाँ मुद्दा दर्ता भई कुल २ हजार ६९ वटा मुद्दामध्ये १ हजार ५७० वटा फछ्र्योट गरिएको मुख्य न्यायाधीश बागचन्दले बताउनु भयो। हाल ४९९ वटा मुद्दा बाँकी रहेका जनाउदै उहाँले बाँकी रहेका सबै मुद्दा दुई वर्ष ननाघेको र अधिकांश छ महिनाभित्रका रहेको जनाउनु भयो। विषयगत रूपमा देवानीतर्फ ६७२ मध्ये ४७५, फौजदारीतर्फ १ हजार १६८ मध्ये ९०३ तथा रिटतर्फ २२९ मध्ये १९२ वटा मुद्दा फछ्र्योट गरिएको अदालतको तथ्यांकमा उल्लेख गरिएको छ। मुख्य न्यायाधीश बागचन्दले जेन्जी आन्दोलनपछि अदालतमा नयाँ मुद्दाको दर्ता अपेक्षाकृत घटेको बताउनुभयो। साथै पुराना मुद्दाका पक्षकारले आवश्यक कागजात उपलब्ध गराउन तथा अभिलेख पुनःप्राप्तिमा पर्याप्त चासो नदेखाउँदा केही समस्या उत्पन्न भएको उहाँले उल्लेख गर्नुभयो। उहाँले यस क्षेत्रमा सम्बन्ध विच्छेदसम्बन्धी मुद्दाको संख्या बढ्दो क्रममा रहेको पनि जानकारी दिनुभयो। कार्यक्रममा रजिस्ट्रार रामु शर्माले आगजनीबाट अदालतका भवन, अभिलेख, सूचना प्रविधि प्रणाली तथा भौतिक संरचनामा ठूलो क्षति पुगे पनि कर्मचारीको सक्रियता, सरसफाइ, अभिलेख पुनःनिर्माण, उपकरण व्यवस्थापन तथा सेवा पुनःसञ्चालनका कारण अदालतले नियमित कामलाई गति दिएको बताउनुभयो। उहाँले नष्ट भएका मिसिल पुनःप्राप्ति तथा डिजिटल अभिलेखीकरणको कामलाई प्राथमिकताका साथ अघि बढाइएको जानकारी दिनुभयो।

सूचना अधिकारी निल प्रसाद शर्माले पनि अदालतले सूचना प्रविधिको प्रयोग विस्तार, अभिलेख व्यवस्थापन र सेवाग्राहीमैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन काम भइरहेको बताउनुभयो।

अदालतका अनुसार आगजनीका कारण २५७ वटा अभिलेख मिसिल नष्ट भएका थिए, जसमध्ये अधिकांश पुनःप्राप्त भइसकेका छन् भने केही मिसिल अझै संकलनको प्रक्रियामा रहेका छन्। मिसिल पुनःप्राप्तिमा पक्षकारसँग आवश्यक कागजात नहुनु, अदालतबाट लिइएका आधिकारिक प्रतिलिपि उपलब्ध नभई मस्यौदा प्रतिलिपि मात्र हुनु तथा सरोकारवालाको कम चासो प्रमुख चुनौतीका रूपमा देखिएको अदालतले जनाएको छ। कार्यक्रममा अदालतले कम्प्युटर तथा सूचना प्रविधि उपकरणको अभाव, सीसीटीभी जडान नहुनु, भिडियो कन्फरेन्सिङ उपकरणको कमी तथा क्षतिग्रस्त भवनका कारण कार्यसम्पादनमा अझै केही समस्या रहेको कार्यालयले जनाएको छ।

## एक वर्षमा २२ गैंडा मरे


**रासस**
चितवन, १ साउन

चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वन क्षेत्रमा २२ वटा गैंडा मरेका छन्। गत आर्थिक वर्षको असार मसान्तसम्ममा निकुञ्ज क्षेत्रमा २० वटा र राष्ट्रिय वन क्षेत्रमा दुई वटा गैंडा मरेका हुन्।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार दुई वटा गैंडा करेन्ट लागेर मरेका हुन् भने अन्य प्राकृतिक कारणले मरेका हुन्। चितवनको माडी र नवलपरासी सुस्तापूर्वको लोकाहा खोला नजिकै करेन्ट लागेर गैंडा मरेको जनाइएको छ।

साथै माडीमा मध्यवर्ती क्षेत्र र नवलपरासीमा राष्ट्रिय वन क्षेत्रमा गैंडा करेन्ट लागेर मरेका छन्।

अन्य गैंडा दलदलमा फसेर, जुधेर, बच्चालाई बाघले खाएर, बुढो भएर जस्ता कारणले मरेको उहाँले जानकारी दिनुभयो।




## पर्यटकीय गन्तव्यको प्रवर्द्धन र साइकल संस्कृतिको विकासका लागि फन राइड हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन

स्वच्छ वातावरण, पर्यटन प्रवर्द्धन तथा पोखरामा साइकल संस्कृतिको विकास गर्ने उद्देश्यसहित साइकल सिटी पोखराले हरेक महिनाको पहिलो शनिबार आयोजना गर्दै आएको फन राइड यसपटक करिब ६० किलोमिटर लामो रुटमा सञ्चालन हुने भएको छ।

साइकल सिटी पोखराका अध्यक्ष श्यामकृष्ण श्रेष्ठका अनुसार यसपटकको यात्रा पोखराको ट्रेडमलबाट सुरु भई दोभिल्ला-भागमारा-नेपाल आयल निगम गगनगौडा डिपो-रूपाताल-तालबेसी-माझीकुना-बेगनासताल, तालचोक, विजयपुर हुँदै अमरसिंह चोकमा पुगेर फन राइड समापन हुनेछ।

अध्यक्ष श्रेष्ठले स्वच्छ वातावरण र पर्यटन भन्ने मूल

बाँकी अन्तिम पृष्ठमा ▶▶

# ऋबाजी सिङ्दी तमु समाजका रमेश गुरुङ १० किलोमिटर सडक दौडमा प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १ साउन

हिमाली गुरुङ परिवार, पोखरा-१२ को आयोजनामा सम्पन्न तेस्रो सडक दौड प्रतियोगिता-२०८३ अन्तर्गत पुरुष १० किलोमिटर दौडमा ऋबाजी सिङ्दी तमु समाजले व्यक्तिगत तथा टिम दुवैतर्फ उत्कृष्ट प्रदर्शन गर्दै प्रतियोगितामा आफ्नो दबदबा कायम गरेको छ।

पुरुष १० किलोमिटर दौडमा ऋबाजी सिङ्दी तमु समाजका रमेश गुरुङले निर्धारित दूरी ३५ मिनेट ०३ सेकेन्डमा पूरा गर्दै प्रथम स्थान हासिल गरे। सोही समाजका प्रवीन गुरुङले ३७ मिनेट १० सेकेन्डमा दौड पूरा गर्दै दोस्रो तथा चन्द्र सुब्बा गुरुङले ३७ मिनेट ३८ सेकेन्डमा निर्धारित दूरी पार गर्दै तेस्रो स्थान हासिल गरे। यससँगै व्यक्तिगततर्फ शीर्ष तीन स्थान नै ऋबाजी सिङ्दी तमु समाजका धावकहरूले आफ्नो नाममा पार्न सफल भए। टिम प्रतिस्पर्धामा पनि ऋबाजी सिङ्दी तमु समाजले २८ अंक जोड्दै च्याम्पियनको उपाधि जित्यो। पाइको तमु समाज, पोखरा-१२ ६७ अंकका साथ उपविजेता बन्यो भने ताङतिङ दूधपोखरी तमु समाज ७४ अंकसहित तेस्रो स्थानमा रह्यो। प्रतियोगिताको समापन तथा पुरस्कार वितरण समारोह हिमाली गुरुङ परिवारका कार्यबाहक अध्यक्ष रुद्रबहादुर गुरुङको अध्यक्षतामा तथा प्रमुख अतिथि रत्नमान गुरुङको आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन प्रतियोगिताका द्वय संयोजक श्याम गुरुङ र युवा समितिका अध्यक्ष पूर्ण गुरुङले संयुक्त रूपमा गरेका थिए। प्रतियोगिता सफल बनाउन विभिन्न संघसंस्था तथा व्यक्तिहरूले सहयोग गरेका थिए। साइकल सिटी ले व्यवस्थापनतर्फ सहयोग गरेको थियो भने कास्की जिल्ला एथलेटिक्स संघ ले प्राविधिक सहयोग प्रदान गरेको आयोजकले जनाएको छ।




आयोजकका अनुसार खेलकुदमार्फत स्वस्थ जीवनशैलीको प्रवर्द्धन, सामाजिक एकतालाई सुदृढ बनाउने तथा युवापुस्तामा खेल संस्कृतिको विकास गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको हो। प्रतियोगितामा विभिन्न तमु समाजका धावकहरूको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ।

महिला ५ किलोमिटर दौड

महिला ५ किलोमिटर दौडमा पाइको तमु समाज, पोखरा-१२ की ननिता गुरुङ ले निर्धारित दूरी २४ मिनेट २५ सेकेन्डमा पूरा गर्दै प्रथम स्थान हासिल गरिन्। सोही समाजकी रोशनी गुरुङ ले २६ मिनेट ४३ सेकेन्डमा दौड पूरा गर्दै दोस्रो स्थान प्राप्त गरिन्।

त्यसैगरी मुग्री गुरुङ समाज की हेउमाया गुरुङ ले २८ मिनेट ४५ सेकेन्डमा निर्धारित दूरी पूरा गर्दै तेस्रो स्थान हासिल गरिन्। महिला विधामा सहभागी धाविकाहरूले उत्साहजनक प्रतिस्पर्धा प्रस्तुत गरेका थिए।

# करार कर्मचारी व्यवस्थापन: सेवानिवृत्तलाई बिदाइ

रासस
काठमाडौं, १ साउन

सरकारले कुनै सरकारी सेवाबाट अवकाश र उपदान प्राप्त गरेका वा निवृत्तिभरण पाइरहेका करारमा कार्यरत कर्मचारीलाई आजदेखि सेवा निरन्तरता नगरी बिदाइ गर्ने भएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आज सबै सरकारी निकायलाई सातबुँदे परिपत्र गर्दै हाल करारमा कार्यरत कर्मचारीलाई अर्को व्यवस्था नभएसम्मका लागि सम्बन्धित निकायमै करार सम्झौता गरी पूलमा राख्न निर्देशन दिएको छ। यसको एकीकृत विवरण भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अद्यावधिक गर्नेछ।

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपछि सम्बन्धित निकायले पूलमा राखिएका कर्मचारीमध्येबाट आवश्यकताअनुसार काममा लगाउनुपर्नेछ। नयाँ स्थापना भएका निकायमा सिर्जना हुने दरबन्दीमा वा कुनै निकायमा रिक्त भएको दरबन्दीमा करारमा काममा लगाउनुपर्ने भएमा नयाँ व्यक्तिलाई करारमा नलिइ विभिन्न निकायमा पूलमा रहेका करारका कर्मचारीलाई सामान्य प्रशासन मन्त्रालयमार्फत माग गरी करार सम्झौता गरी काममा लगाउनुपर्नेछ। विभिन्न मन्त्रालयअन्तर्गतका एकीकरण वा खारेज हुने निकायको हकमा एकीकरण वा खारेजीको प्रक्रिया नटुङ्गिएसम्म सम्पत्तिको संरक्षण, सुरक्षा र सम्पत्ति तथा दायित्वको हस्तान्तरण एवं फरफारक गर्ने प्रयोजनका लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति सम्बन्धित मन्त्रालयले यकीन गरी हाल सोही निकायमा करारमा कार्यरत कर्मचारीमध्येबाटै काममा लगाउने परिपत्रमा उल्लेख छ।

पूलमा बाँकी रहने करारका कर्मचारीका सम्बन्धमा आवश्यक व्यवस्था गर्न, आगामी दिनमा करारमा कर्मचारीलाई काममा लगाउँदा गरिने करार सम्झौतामा समेट्नुपर्ने न्यूनतम सेवासुविधाका सर्तका सम्बन्धमा र हाल करारमा कार्यरत कर्मचारीलाई स्वीकृत दरबन्दीबमोजिम करारमा काममा लगाउन नसकी सम्झौता अन्त्य गर्नुपर्दा उपलब्ध गराइने सेवासुविधाका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले एक महिनाभित्र अध्ययन गरी उपयुक्त विकल्प सिफारिस गर्ने मन्त्रालयका शाखा अधिकृत सञ्जिव नेपालद्वारा जारी परिपत्रमा उल्लेख छ।

गत असार ३२ को मन्त्रिपरिषद्ले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट कटौती हुने सरकारका विभिन्न मन्त्रालय र मातहतका कार्यालयमा स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीको व्यवस्थापन गर्ने निर्णय गरेको थियो।

# साउनभर सोमबार साँझ २५० मै अन्नपूर्ण केबलकार चढ्न पाइने

पोखरापत्र संवाददाता
पोखरा, १ साउन

पोखराको पर्यटकीय गन्तव्य अन्नपूर्ण केबलकारले साउन महिनाभर आन्तरिक पर्यटकलाई लक्षित गर्दै विशेष छुट योजना सार्वजनिक गरेको छ।

साउन महिनाको प्रत्येक सोमबार बेलुका ४ बजेदेखि केबलकारमा यात्रा गर्ने नेपाली यात्रुले केवल २५० मै जाने-आउने सेवा उपलब्ध गराउने भएको कम्पनीका जनरल म्यानेजर दिनेश पौडेलले बताए। साउन सोमबार शिवभक्त, सराङकोट धाम पुग्ने दर्शनार्थी तथा पोखराको प्राकृतिक सौन्दर्य अवलोकन गर्न चाहने आन्तरिक पर्यटकलाई लक्षित गरेर यो योजना ल्याइएको उनले बताए। यसले धार्मिक पर्यटनसँगै मनोरञ्जनात्मक यात्रालाई पनि थप सहज बनाउने कम्पनीको विश्वास छ।

यस्तै, सराङकोट धामस्थित ५१ फिट अग्लो गणेश मूर्तिको दर्शन गर्न जाने भक्तजनका लागि पनि कम्पनीले छुटलाई प्राथमिकता दिएको छ। प्रत्येक मंगलबार सराङकोट धाम दर्शन गर्ने नेपाली नागरिकलाई २० प्रतिशत छुट उपलब्ध गराइनेछ भने प्रत्येक सोमबार धाममा आयोजना हुने महाआरतीमा सहभागी हुने यात्रुका लागि साँझ ४ बजेपछिको केबलकार यात्रा रु। २५० मा हुनेछ। कम्पनीले वर्षायामका कारण साउन १ गतेदेखि भदौ मसान्तसम्म बिहानको सेवा अस्थायी रूपमा बन्द रहने जनाएको छ। जनरल म्यानेजर पौडेलका अनुसार उक्त अवधिमा नियमित सेवा हरेक दिन बिहान ९:०० बजेदेखि बेलुका ७:०० बजेसम्म सञ्चालन हुनेछ। यात्रा गर्नुअघि सञ्चालन समयबारे जानकारी लिएर मात्र आउन कम्पनीले आग्रह गरेको छ। पोखरा-१८, सेदीबगर (फेवाताल किनार) बाट सराङकोटसम्म २.४ किलोमिटर दूरी रहेको अन्नपूर्ण केबलकारले करिब ८-९ मिनेटमै यात्रुलाई गन्तव्य पुर्‍याउँछ। केबलकारमा १८ वटा टावर र सामान बोक्ने सहित १८ वटा गोंडोला सञ्चालनमा छन्। प्रत्येक गोंडोलामा ८ जना यात्रु अट्ने क्षमता रहेको छ भने प्रतिघण्टा करिब ५०० जना यात्रु ओसार पसार गर्न सकिने कम्पनीले जनाएको छ। केबलकार यात्राका क्रममा अन्नपूर्ण हिमश्रृंखला, फेवाताल, हरिया वनजंगल र पोखरा उपत्यकाको मनोरम दृश्य एकैसाथ अवलोकन गर्न सकिन्छ। हाल नेपाली यात्रुका लागि जाने-आउने भाडा रु। ७०० र भारतीय पर्यटकका लागि रु। १,००० निर्धारण गरिएको छ। कम्पनीका अनुसार पछिल्लो समय दैनिक औसत करिब २०० जना यात्रुले सेवा लिइरहेका छन्। अन्नपूर्ण केबलकारमार्फत प्रत्यक्ष रूपमा ३० जनाले रोजगारी समेत पाएका छन्।

# जनकवि केशरी थापाको १ सय २ औं जन्मजयन्ती, शुक्लाले गर्‍यो स्मरण

पोखरापत्र संवाददाता
पोखरा, १ साउन

जनकवि केशरी धर्मराज थापाको १ सय २ औं जन्मजयन्ती, बिभिन्न कार्यक्रम गरी मनाईएको छ। लोक साहित्यका क्षेत्रमा विशेष योगदान पुर्‍याएका जनकवि थापावि।सं। १९८१ साउन १ गते पोखराको बाटुलेचौरमा जन्मिएका थिए। नेपाली लोक साहित्यको सेवा र श्रीवृद्धिका लागि थापा स्वदेशमा मात्र नभई विदेशमा समेत पुगेका थिए।

लोक साहित्य र गीत, संगीतका शिखर पुरुष जनकवि थापाले लोक संस्कृतिमा आधारित विभिन्न पुस्तक प्रकाशन गरी र विभिन्न लोक रचनामा आवाज भरेर पनि नेपाली लोक संगीतलाई विश्व माझ चिनाए। उनले लेखेको गण्डकीका सुसेली नामक कृतिमा गण्डकी क्षेत्रका विभिन्न ठाउँको ऐतिहासिक परिचय पाउन सकिन्छ।जीवनको अधिकांश समय लोक साहित्य रचना एवम् खोजी कार्यमा विताएका थापाले साहित्यको सेवा गर्न पोखरामा शुक्ला साहित्य प्रतिष्ठानको समेत स्थापना गरे। जनकवि केशरीको स्मृतिमा प्रतिष्ठानले राष्ट्रिय पुरस्कार समेत संचालन गरिरहेको छ। थापाको २०७१ असोज २८ गते काठमाडौ स्वयम्भु स्थित आफ्नै निवासमा निधन भएको थियो। थापाको बाटुलेचौरस्थित जन्मघरलाई कविकुञ्जका रुपमा विकास गरिएको छ। यद्यपी त्यसको व्यवस्थित विकास हुन भने सकेको छैन।

जनकवि केशरी थापाको जन्मजयन्तीका अवसरमा शुक्ला साहित्य प्रतिष्ठान पोखराले विशेष कार्यक्रमको आयोजना गरी उनको स्मरण गरेको छ। प्रतिष्ठानले बाटुलेचौरमा गरेको कार्यक्रममा जनकवि केशरी थापाको व्यक्तित्व र कृतित्वको चर्चा गरिएको छ। कवि एवम् थापाका सुपुत्र कुञ्जराज थापाले लोक साहित्य र संस्कृतिको चर्चा गर्दै, यसको संरक्षण भएमात्र जनकविप्रति सच्चा स्मरण हुने बताए।धर्मराजसावित्रीप्रतिष्ठानका अध्यक्ष मदनराज थापाले धर्मराज थापाको जन्मघरलाई कविकुञ्जको रुपमा विकास गरिएको बताए। उनले प्रतिष्ठानसँगको सहकार्यमा जनकवि केशरी थापाका अप्रकाशित कृति प्रकाशनसँगै यसको प्रवद्धन गरिने बताए। कार्यक्रममा थापाप्रति सर्मपित कविता बाचन गरिएको छ। कविहरु मातृकाप्रसाद ढुँगाना, छविलाल आचार्य, मदनराज थापा, ईन्दु भट्टराई ,प्रकाश भट्टराई, रिता काफ्ले र शिशिर उजाडले लोक साहित्यसँग सम्वन्धित कविता वाचन गरेका थिए।

प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेतको अध्यक्षतामा भएको कार्यक्रम पोखरा १६ का वडा सदस्य रामचन्द्र आचार्य,प्रतिष्ठानका सल्लाहकार मदनराज थापा,पुर्व अध्यक्ष कुलबहादुर खत्री,जय मनकामना वचत तथा ऋण सहकारीका अध्यक्ष नवीन भण्डारी, जेष्ठ नागरिकका पूर्व कोषाध्यक्ष चित्रबहादुर थापालगायतले नेपाली साहित्यको विकासमा कवि थापाले पुर्‍याएको योगदानको चर्चा गरेका थिए। प्रतिष्ठानका उपाध्यक्ष एवं कार्यक्रमका संयोजक गीता भण्डारीले स्वागत गरेको कार्यक्रममा संचालन सहसचिव संजय थापाले गरेका थिए।

# गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्रको अनुगमन

पोखरापत्र संवाददाता
पोखरा, १ साउन

कोपिला नेपालद्वारा ब्यबस्थापन भएर संचालनमा रहेको गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्रको अनुगमन तथा निरीक्षण सम्पन्न भयको छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल नेतृत्वको टिमले सो केन्द्रको स्थलगत अनुगमन गरेको हो। अनुगमनका क्रममा प्रमुख पौडेलले तत्कालीन समय २०७९ असारको पहिलो हप्ता आफू जिल्ला समन्वय समिति कास्कीको प्रमुखको पदभार लगत्तै पोखरा ३३ को आमाचौरस्थित करिब रुग्ण प्राय बनिसकेको भवन अनुगमनमा पुगेको स्मरण गर्नुभयो। पौडेलले तत्कालीन मुख्य मन्त्री पृथ्वी सुब्बा गुरुङ र सामाजिक बिकास मन्त्री नरदेबी पुन रहेको गण्डकी प्रदेश सरकारले निर्माण शुरु गरेर करिब ३ बर्ष सम्म बिबादका कारण रुग्ण बन्न पुगेको थाहा हुनासाथ पहिलो समन्वय र सहजीकरणमा पुगेको उल्लेख गर्नुभयो। पहिलो अनुगमन र पटक पटकका समन्वय बैठक आयोजना गरेर समाधानको बाटो खोज्ने क्रममा विभिन्न समयमा बनेका प्रदेश सरकार र स्थानिय महानगर समेतले पहल कदमी लिदै गर्दा सो को ब्यबस्थित संचालनको




न त खाका नै बन्यो, राज्यको करोडौं लगानी बर्बादिको चरणमा पुग्नै लाग्दा जि स स ले समन्वय ,खबरदारी र सहजीकरणमा निरन्तर लाग्दा संचालन सम्भब भएको उल्लेख गर्नुभयो।यसबाट गण्डकी प्रदेशभरीका हिंसा पिडित आश्रय बिहिन महिला तथा बालबालिका लाभान्वित भएको देख्न पाँउदा अत्यन्त हर्ष लागेको बताउनुभयो।

जिल्ला समन्वय अधिकारी नवराज बरालले पछिल्लो समय संचालन र ब्यबस्थापनका कठिनाइ बारे जानकारी लिन अनुगमन गरिएको उल्लेख गर्दै बिद्यमान समस्याको समाधान र केन्द्रको दीर्घकालीन संचालनका लागि निरन्तर समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।जिसस कास्कीका शाखा अधिकृत महिला तथा बालबालिका सम्बन्धि फोकल पर्सन लक्ष्मु शर्माले प्रदेश बिकास समस्या समाधान समितिका बैठक र विभिन्न समन्वय बैठक मार्फत जिसस को निरन्तर प्रयत्न र निर्माण संचालनका निम्ति आफुहरूको पहल सार्थक भएको भन्दै खुशी ब्यक्त गर्नुभयो।

ब्यबस्थापनको जिम्मेवारी सहित सो केन्द्र संचालन गरिरहेको कोपिला नेपालका कार्यकारी निर्देशक बिना सिलवालले पौडेल नेतृत्वको टिमले सफ़ल संचालनमा खेलेको भुमिका अति फलदायी भएको उल्लेख गर्दै संचालन र ब्यबस्थापनको समस्या, चुनौती र भाबी योजनाको सम्बन्धमा जानकारी गराउनु भएको थियो। सिलवालले सो केन्द्रमा ७बर्ष मुनिका ११ जना, ७ बाट १८ बर्षमुनिका १९ जना बालबालिका र ११जना महिला गरि जम्मा ४८ जनाले आश्रय लिएको र गत असोज महिना देखि हाल सम्म १२० जनालाइ सेवा प्रदान गरिसकेको जानकारी दिनुभयो। केन्द्रमा मनोपरामर्श सहित अन्य सिपमुलक तालिम समेत प्रदान गर्ने गरिएको जनाइएको छ। तरकारी, पशुपालन तथा अन्य खेती प्रबिधी, हस्तकला सहित रुचि अनुसारको सीप बिकास र ससक्तिकरणका कार्य समेत संचालन गर्ने गरेको सिलवालको भनाइ छ। सो क्षेत्रमा खानेपानीको समस्या समाधानको पहल गरिदिन स्थानिय वडा र महानगरपालिकालाइ आग्रह गरिएको भन्दै सो को समन्वयका लागि प्रमुख पौडेललाई आग्रह गर्नुभयो।

सोही परिसरमा पुरानो अर्को भवनको निर्माण कार्य पूरा गर्न सहयोगदाताको खोजी भैरहेको सिलवालको भनाइ छ। करिब ६ बर्ष अलपत्र अबस्थामा रहेर गण्डकी प्रदेश सरकारले निर्माण सम्पन्न गरेको उक्त आयोजना हाल कोपिला नेपालको ब्यबस्थापनमा पोखरा महानगरको संयोजनमा संचालनमा आएको हो। गत २०८२ साउन १६ गते मुख्य मन्त्री सुरेन्द्र प्रसाद पाण्डेले उक्त केन्द्र उद्घाटन गर्नुभएको थियो।

# पर्यटकीय ...

नारासहित पोखराका विभिन्न पर्यटकीय गन्तव्यलाई जोड्ने तथा ती क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले हरेक महिनाको पहिलो शनिबार फन राइड आयोजना हुँदै आएको बताउनुभयो।

यसपटक प्राकृतिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण क्षेत्र समेटिने गरी रुट तय गरिएको उहाँको भनाइ छ। उहाँका अनुसार कार्यक्रमको अर्को प्रमुख उद्देश्य पोखरामा साइकल संस्कृतिको विकास गर्दै दैनिक जीवनमा साइकल प्रयोगलाई प्रोत्साहन गर्नु हो। साइकलको प्रयोग बढेमा पेट्रोलियम पदार्थको खपत घट्नुका साथै वातावरण संरक्षण, स्वास्थ्य प्रवर्द्धन र दिगो यातायात प्रणालीको विकासमा समेत टेवा पुग्ने विश्वास आयोजकको छ। साइकल सिटी पोखराले पोखराका पर्यटकीय गन्तव्यको प्रवर्द्धन, वातावरण संरक्षण तथा स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गर्ने अभियानलाई निरन्तरता दिँदै हरेक महिनाको पहिलो शनिबार फन राइड आयोजना गर्दै आएको आयोजकले जनाएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# जब रामकोटमा पर्यटकलाई झोर्ले भन्दै स्वागत गरिन्छ ...

**रासस**
तनहुँ, १ साउन



तनहुँको बन्दीपुर आउने पर्यटक नजिकैको अर्को पर्यटकीय गाउँ रामकोटतर्फ आकर्षित हुन थालेका छन् । बन्दीपुर बजारबाट करिब आठ किलोमिटर पश्चिममा रहेको रामकोटस्थित सामुदायिक घरबास (होमस्टे)मा पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकको आगमन उल्लेख्य रूपमा बढेको छ ।

मगर समुदायको बाक्लो बसोबास र ढुङ्गाले छाएका मौलिक घर रहेको रामकोटमा २०७५ सालदेखि होमस्टे सञ्चालनमा आए पनि पर्याप्त प्रचारप्रसार र पूर्वाधारको अभावका कारण सुरुआती वर्षमा पर्यटकको चहलपहल कम थियो ।

गत वर्षदेखि यहाँ स्वदेशी तथा विदेशी पर्यटक उल्लेख्य रूपमा आउन थालेका छन् । हाल दैनिक १५ देखि २० जना तथा बिदाका दिन पर्यटक बास बस्न आउने गरेका छन् । बन्दीपुर आउने विदेशी पर्यटकसमेत रामकोट पुग्न थालेका छन् । रामकोटका मौलिक घर, मगर कला-संस्कृति तथा अर्ग्यानिक परिकारका कारण पर्यटक आकर्षित हुन थालेका हुन् । "पहिले निकै कम पर्यटक आउथे । अहिले भने धेरै पर्यटक आउन थालेका छन् । बन्दीपुर आउने पर्यटक 'एकपटक रामकोट पनि पुगौँ' भनेर आउँछन्", रामकोट सामुदायिक होमस्टेका अध्यक्ष निरकाजी आलेले भन्नुभयो, "बन्दीपुरपछिको दोस्रो गन्तव्यका रूपमा रामकोट विकास हुँदै गएको छ । प्रचारप्रसार पनि बढेको छ । हामी खुसी छौँ, अझै धेरै काम गर्न बाँकी छ ।" पछिल्लो समय बन्दीपुरबाट रामकोटसम्म 'भिलेज सफारी' सेवा सञ्चालनमा आएपछि पर्यटकलाई पुग्न थप सहज भएको छ । भिलेज सफारीका सञ्चालक वसन्त पौडेलले बन्दीपुर आउने पर्यटक रामकोट जान उत्सुक हुन थालेको बताउनुभयो । रामकोटका ९५ घरमध्ये ४८ घर होमस्टे समूहमा आबद्ध छन् । तीमध्ये १५ घरमा मात्र होमस्टे सञ्चालनमा छन् । हाल एक रातमा ३० जनासम्म पर्यटकलाई बस्ने व्यवस्था गर्न सकिन्छ । एक रातको बसाइ र खानाको प्रतिव्यक्ति शुल्क रु एक हजार २०० छ भने सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेबापत थप रु तीन हजार लिने गरिएको छ ।

पछिल्ला वर्षमा स्वदेशी तथा विदेशी पर्यटकको सङ्ख्या बढेसँगै गाउँमा आयआर्जनका अवसर पनि विस्तार भएका छन् । पहिले घाँस-दाउरा र मेलापातमा व्यस्त रहने महिला अहिले मगर पहिरनमा सजिएर लामबद्ध रूपमा 'झोर्ले' भन्दै पर्यटकको स्वागत गर्छन् । त्यहाँ पुग्ने पाहुनालाई सेतो अक्षता, फूलको माला र स्टिलको गिलासमा 'सगुन' दिएर स्वागत गर्ने परम्परा छ ।

सामूहिक एकता र स्थानीय संस्कृतिका कारण साँझपख गाउँमा गुञ्जिने झ्याउरे, कौरा र चुट्काले पर्यटकलाई विशेष आकर्षित गर्ने गरेको छ । बेलुका स्थानीय अर्ग्यानिक परिकार, कोदो र फापरको ढिँडो, गुन्द्रुकको अचार तथा लोकल कुखुराको मासु पाहुनालाई खुवाइन्छ । खाना पकाउने काममा स्थानीय महिला अग्रसर हुन्छन् भने पुरुषले सहयोग गर्ने गरेका छन् । पर्यटकलाई एउटै घरमा खाना खुवाउने र छुट्टाछुट्टै घरमा बास बस्ने व्यवस्था गरिएको छ । बिहान उनीहरू बसेकै घरमा कोदोको सेलरोटी, तरकारी, अचार र चियासहितको नास्ता गर्छन् । फर्कने बेला प्रत्येक पर्यटकलाई सेतो अक्षता र फूलको माला लगाएर बिदाइ गरिन्छ ।

समुद्री सतहबाट करिब एक हजार मिटर उचाइमा रहेको रामकोट मगर संस्कृतिको जीवन्त सङ्ग्रहालयजस्तै मानिन्छ । शान्त वातावरण र मौलिक गाउँले जीवनको प्रत्यक्ष अनुभव लिन चाहने पर्यटक यहाँ पुग्ने गर्छन् । यहाँबाट हिमशृङ्खलाको मनोरम दृश्यावलोकन गर्न सकिने भएकाले पनि रामकोट पर्यटकको रोजाइमा पर्न थालेको हो ।

रामकोटका ढुङ्गा छापिएका गल्ली सफा र आकर्षक छन् । मिलाएर राखिएका मकैका सुली, दाउराका खलिया र आँगनमा बिछ्याइएका ढुङ्गाले गाउँको सौन्दर्य थप बढाएको छ । होमस्टे सञ्चालनपछि स्थानीयले कुखुरा, बाख्रा, सुँगुरपालन, तरकारीखेती तथा स्थानीय मदिरा उत्पादनमार्फत अतिरिक्त आम्दानी गर्न थालेका छन् । यसले साना-साना आर्थिक आवश्यकता पूरा गर्न सहज भएको स्थानीय महिला बताउँछन् । होमस्टे सञ्चालनसँगै महिलामा बचत गर्ने बानीको समेत विकास भएको छ । मगर संस्कृतिको संरक्षणसँगै स्थानीयको आयआर्जन बढाउने उद्देश्यले स्थापना गरिएको होमस्टे सफल बन्दै गएकामा स्थानीय खुसी छन् ।

रामकोट सामुदायिक होमस्टेका अध्यक्ष आले पर्यटकको आगमन बढेसँगै युवाले गाउँमै सम्भावना देख्न थालेको बताउनुहुन्छ । उहाँका अनुसार २०८३ सालभित्र एकै रातमा २०० जना पर्यटकलाई बास बस्न मिल्ने पूर्वाधार तयार गर्ने लक्ष्य राखिएको छ । साथै, युवालाई गाउँमै सक्रिय बनाएर हराउँदै गएको ठाडो भाका र मारुनी नाचको संरक्षण तथा पुनर्जीवनमा पनि जोड दिइनेछ ।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले रामकोटका गल्लीमा ढुङ्गा छाप्ने तथा अन्य पूर्वाधार निर्माणका काम पालिकाले समन्वय गरेर अघि बढाइरहेको बताउनुहुन्छ । बन्दीपुरसहित व्यास नगरपालिकाभित्रका होमस्टेलाई जोडेर 'होमस्टे सर्किट' निर्माण गरी पर्यटकलाई एक रात रामकोटमा बास बस्ने कार्यक्रम ल्याउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । रामकोट बन्दीपुरबाट मुच्चुक हुँदै ५.५ किलोमिटर, सेराटार हुँदै आठ किलोमिटर तथा पृथ्वी राजमार्गको छिर्कनेबाट सात किलोमिटर दूरीमा पर्छ ।

# कमलपोखरी सहकारी स्थापना दिवसमा राधाकृष्ण वृद्ध आश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १ साउन




कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा-१३ ले आफ्नो १७औँ स्थापना दिवसको अवसरमा सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिँदै राधाकृष्ण वृद्ध आश्रमलाई सहयोग सामग्री हस्तान्तरण गरेको छ ।

स्थापना दिवसलाई तडक भडकभन्दा सेवामूलक र मानवीय कार्यमार्फत अर्थपूर्ण बनाउने उद्देश्यका साथ सहकारीका पदाधिकारी तथा सदस्यहरूको टोली शुक्रबार पोखरा-३२, लामेआहालस्थित श्री राधाकृष्ण वृद्ध आश्रम पुगेको थियो। त्यहाँ आयोजित संक्षिप्त तथा आत्मीय कार्यक्रममा आश्रममा आश्रित ज्येष्ठ नागरिकहरूको दैनिक जीवनयापनमा सहयोग पुग्ने विभिन्न अत्यावश्यक सामग्री आश्रम व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको हो । सहयोग सामग्री हस्तान्तरण कार्यक्रम सहकारीका अध्यक्ष माधवप्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा श्री राधाकृष्ण वृद्ध आश्रम सञ्चालक समितिका अध्यक्ष विश्वराज लामिछानेले स्वागत मन्तव्य व्यक्त गर्दै स्थापना दिवसको अवसरमा आश्रमलाई सम्झेर सहयोग गरेकोमा सहकारी परिवारप्रति हार्दिक आभार प्रकट गर्नुभयो। उहाँले यस्ता सामाजिक तथा मानवीय कार्यले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमको सञ्चालन सहकारीका सचिव कृष्णबहादुर क्षेत्री (कुमार) ले गर्नुभएको थियो । उक्त कार्यक्रममा सहकारीका उपाध्यक्ष इन्द्रबहादुर कुँवर, कोषाध्यक्ष रमेशराज पौडेल, कार्यक्रम संयोजक रञ्जना भण्डारी, पूर्वअध्यक्ष रामबहादुर कार्की, सञ्चालक सदस्य राम सुब्बा गुरुङ, लेखा समिति सदस्यद्वय राधाकृष्ण बराल र कृष्ण आचार्य तथा शिक्षा उपसमिति सदस्य शान्ति के.सी. लगायतको गरिमामय उपस्थिति रहेको थियो । सहयोग सामग्री हस्तान्तरणपछि सहकारीका पदाधिकारी तथा सदस्यहरूले आश्रममा आश्रित ज्येष्ठ नागरिकहरूसँग आत्मीय भेटघाट गर्दै उहाँहरूको स्वास्थ्य अवस्था र आवश्यकताबारे जानकारी लिएका थिए । स्थापना दिवसका अवसरमा सम्पन्न यस मानवीय सेवामूलक कार्यले सहकारीको सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धतालाई थप उजागर गरेको छ। साथै, यस्ता परोपकारी गतिविधिले अन्य संघसंस्था तथा समुदायलाई समेत सामाजिक सेवामा सक्रिय हुन प्रेरणा मिल्ने विश्वास व्यक्त गरिएको छ ।

# म्याग्दीका वनमा 'रिचार्ज' पोखरी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ साउन



यस वर्ष म्याग्दीका छ वटा सामुदायिक वनमा 'रिचार्ज' पोखरी निर्माण भएको छ । वन डढेलो नियन्त्रण, सुक्खापन रोकथाम, पानी पुनरभरण, मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले डिभिजन वन कार्यालयको सहयोगमा सामुदायिक वन उपभोक्ता समूहले पोखरी बनाएका हुन् ।

पानी र अहारका लागि मानवबस्तीमा आउने वन्यजन्तुलाई वनमै रोक्ने, पोखरीमा पानी भरेर चिस्यान कायम राख्ने र डढेलो निभाउनका लागि आवश्यक पर्ने पानी सङ्कलन गर्न पोखरी बनाइएको वन अधिकृत शान्तिकुमारी शाहीले जानकारी दिनुभयो। "पानी र अहारको खोजीमा वन्यजन्तु मानव बस्तीमा नआऊन् भनेर जङ्गलमा पोखरी बनाउने कार्यक्रम प्रभावकारी बनेपछि पछिल्लो चार वर्षयता निरन्तरता दिएका छौँ," उहाँले भन्नुभयो, "वनमै पानी र अहार भएपछि वन्यजन्तु मानव बस्तीमा नआउने र द्वन्द्व व्यवस्थापनमा सहयोग पुगेको छ ।" पोखरीमा पानी सङ्कलन हुँदा जमिनमा रिचार्ज हुने र डढेलो लागेको अवस्थामा निभाउन आवश्यक पर्ने पानी व्यवस्थापन गर्न सजिलो हुने गरेको डिभिजनल वन अधिकृत वसन्तकेशव अधिकारीले बताउनुभयो । बेनी नगरपालिका-५ को चिप्लरी सिमपाखो, मङ्गला गाउँपालिका-३ बरंजाको भोटेखोला, धवलागिरि गाउँपालिका-३ मुनाको दहपातल, रघुगङ्गा गाउँपालिका-६ को ठाडाखानी-कालो सल्लेरी, मालिका गाउँपालिका-६ को सानो धैरेनी उपल्लोतला र अन्नपूर्ण गाउँपालिका-३ दानाको धुरीवन सामुदायिक वनमा पोखरी निर्माण भएको हो। ६१ दशमलव ७५ वर्गमिटर क्षेत्रफलमा निर्माण भएका पोखरीमा ६१ हजार लिटर पानी सङ्कलन गर्न सकिनेछ । प्रतिपोखरी निर्माणका लागि कार्यालयले समूहलाई रु एक लाख अनुदान सहयोग गरेको छ । यसअघि आव २०७८/७९ मा १०, २०७९/८० मा छ, २०८०/०८१ मा १० र २०८१/०८२ मा पाँच वटा गरी ३१ वटा पोखरी निर्माण भइसकेका छन् ।

जिल्लामा पछिल्लो समय रतुवा, मृग, बाँदर, चितुवालगायत वन्यजन्तु नजिकको मानव बस्तीमा आएर क्षति पुर्‍याउन थालेका छन् । यसरी बस्तीमा पस्ने वन्यजन्तुले मानिस र घरपालुवा जनावरलाई आक्रमण गर्ने गर्दछन् ।

# साउन लागेसँगै हरियो चुरापोतेको व्यापार बढ्यो

**रासस**
काठमाडौं, १ साउन



साउन महिना सुरु भएसँगै सङ्घीय राजधानी काठमाडौँमा हरियो चुरापोते तथा मेहन्दीको व्यापार बढेको छ । सहरी क्षेत्रमा बस्ने महिलाले पछिल्लो समय साउन लागेपछि हातमा मेहन्दी लगाउने, हरियो चुरा र पहेँलो पोते लगाउनेक्रम बढेसँगै बजारमा चुरापोते र मेहन्दीको व्यापार बढेको हो ।

हिन्दूहरुले साउन महिनालाई भगवान् शिवको महिनाका रुपमा लिने गरेका छन् । हिन्दू महिला तथा पुरुषले साउन महिनाभर भगवान् शिवको पूजा आराधना गर्ने गर्छन् । साउनमा महिला हातमा मेहेन्दीसँगै हरियो चुरा र तथा पहेँलो पोते लगाउने गर्छन् । यस्तै, पुरुषहरुले पहेँलो वस्त्र लगाउने गर्छन् । काठमाडौँको इन्द्रचोकमा चुरापोतेको व्यापार गर्दै आउनुभएका अहमद मुसलमान पछिल्लो समय आफ्नो पसलमा चुरापोतेको व्यापार बढेको बताउनुहुन्छ । "अरु समयमा दैनिक आठ/१० हजारको व्यापार हुन्थ्यो, पछिल्लो दुई चार दिनमा दैनिक २० देखि २५ हजारको व्यापार हुने गरेको छ", उहाँ भन्नुहुन्छ । सोही क्षेत्रका अर्को व्यवसायी हसन अन्सारी चुरापोते किन्नका लागि आफ्नो पसलमा पनि मानिसको भीड लाग्ने गरेको बताउनुहुन्छ । "बिहेको याममा हाम्रो पसलमा ग्राहक बढी मात्रामा आउनुहुन्थ्यो, साउन सुरु हुनलाग्दा ग्राहक अन्य समयकोभन्दा बढी आउनुभएको छ", अन्सारी भन्नुहुन्छ । साउन सुरु हुनु अगाडि काठमाडौँको मुख्य बजार असन, इन्द्रचोक, बागबजारलगायत क्षेत्रमा ग्राहकको चहलपहल बढेको छ । विशेषगरी विवाहित महिलाले साउन महिनामा हरियो चुरा र पोते लगाउने धार्मिक तथा सांस्कृतिक परम्पराका कारण बजारमा यसको व्यापार बढेको हो । यस्तै, ब्युटीपार्लरदेखि सडकसम्म पनि मेहन्दी लगाउने महिलाको भीड देखिन्छ । राजधानीका विभिन्न बजारमा हरियो चुरा र पोतेका नयाँ डिजाइन तथा विभिन्न मूल्यका सामग्री बिक्रीवितरणमा राखिएका छन् । ग्राहकको रोजाइलाई ध्यानमा राखेर स्वदेशी तथा आयातित दुवै प्रकारका चुरा र पोते बिक्रीका लागि राखिएको छ । हरियो चुरा र पोते खरिदका लागि गोङ्गबुबाट इन्द्रचोक आउनुभएकी सरस्वती दवाडी साउन महिनामा हरियो चुरा र पोते लगाउँदा सांस्कृतिक परम्पराको संरक्षण हुने बताउनुहुन्छ ।

यस्तै, साउन महिनामा परिवार र साथीभाइसँग मिलेर मेहन्दी लगाउने, हरियो पहिरन लगाउने तथा धार्मिक गतिविधिमा सहभागी हुने गरेका छन् । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका निवर्तमान कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थी साउनमा माता पार्वतीले पति महादेवलाई खुसी बनाई सौभाग्य प्राप्त गर्न हरियो चुरा, पोते र हातमा मेहेन्दी लगाएको किंवदन्तीका आधारमा महिला व्रत बस्दा हरियो चुरा र पहेँलो पोते लगाउने गरेको बताउनुहुन्छ । "साउन महिना हरियोसँग सम्बन्धित महिनासमेत हो, यो महिनामा वर्षा बढी हुने, बोटबिरुवामा पालुवा चढ्ने, प्रकृति सुहाउँदो संस्कृतिका लागि पनि महिलाले हरियो चुरा र पोते लगाउने गरेका छन्", उहाँ भन्नुहुन्छ । तीज नजिकिँदै जाँदा चुरापोतेको महत्व झन् बढ्दै गएको उहाँको भनाइ थियो । चुरापोते लगाउने संस्कृति भारतबाट आयतित संस्कृति भएको आचार्य पन्थी बताउनुहुन्छ । भारतमा बढीमात्रामा हरियो चुरा र पहेँलो पोते लगाउने गरेको उहाँको भनाइ छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं २ निवासी भारतिय भु.पु.नं.५८५१५३६पि MACP हवल्दार भगवान कुमार भण्डारीको श्रीमतीको नागरिकताको प्रमाण पत्रमा चमेली भण्डारी खत्री भएको र भारतीय डकुमेन्टमा चमेली भण्डारी भएता पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका २ नं. वडा कार्यालय बागलुङको च.नं. २२ मिति २०७५।४।१० को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-२० निवासी भारतीय भु.पु.सै.नं. ५०४१३१६ W 2/1 GR DSC हवल्दार नर बहादुर गुरुङको श्रीमती शिवा कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ४६-०१-८१-१३७९४) मा नामथर शिवा कुमारी गुरुङ, जन्म मिति ई.सं. १९६५-१२-२९ तदानुसार वि.सं. २०२२/०९/१४ भएको र भारतीय पेन्सन अभिलेखमा नामथर शिवा कुमारी गुरुङ, जन्म मिति ई.सं. १९६५-०२-१६ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगपालिका २० नं. वडा कार्यालयको च.नं. २३८६ मिति २०८३/०३/३२ को सिफारिस पत्रबाट लेखी आएकोले एक व्यक्तिको नामथर र जन्ममिति फरक परेता पनि दुवै नामथर जन्ममिति भएको व्यक्ति एक व्यक्ति भएको बेहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# बुकीपाटनमा प्लास्टिकजन्य फोहर व्यवस्थापनको चुनौती

पोखरापत्र संवाददाता
बागलुङ, १ साउन

नेपालका एक मात्र सिकार आरक्ष ढोरपाटनस्थित बुकीपाटनमा पर्यटकको आकर्षण बढेसँगै नकुहिने फोहर बढ्न थालेको छ। पर्यटकले जथाभावी फोहरले फाल्दा बुकीपाटनको स्वच्छताको छवि धुमलिन थालेको छ। पर्यटकले प्लास्टिकका बोतल, चाउचाउ, विस्कुटका प्लास्टिक र बियर बोतललगायत छरपस्ट छोड्दा पर्यावरणमा असर पर्ने चिन्ता बढेको छ। चार वर्ष अगाडिसम्म गोठाला बस्ने बुकीपाटनमा पछिल्लो समय दैनिक सयौँ पर्यटक बुकीपाटन पुग्न थालेपछि फोहर बढ्न थालेको ढोरपाटन नगरपालिका-९ का तीर्थबहादुर घर्तीमगरले बताउनुभयो। पाटनभरी छरिएका प्लास्टिक र बोतलले सौन्दर्यलाई कुरुप बनाएको घर्ती मगरले सुनाउनुभयो । पर्यटकले जथाभावी फोहर गर्ने मात्र नभइ बुकीपाटनका फूलसमेत कोपिलामै टिप्दा वनफूल नै मासिने जोखिम



बढेको छ । समुन्द्री सतहदेखि चार हजार २०० माथिको क्षेत्रमा प्लास्टिक र सिसाजन्य फोहर बढ्दा सरसफाइ गर्ने चासो कुनै पनि निकायले नदेखाएको स्थानीयको गुनासो छ।

बुकीपाटन बागलुङको एउटा अनुपम सम्पत्ति भएकाले त्यहाँको सुन्दरताको बयान जति नै गरे पनि कम हुनेछ। त्यहाँको सुन्दरतासँग रमाउन दैनिक सयौँ पर्यटक बुकीपाटन पुग्ने गरेकामा पछिल्लो समय त्यस क्षेत्रको अवलोकन गर्न जाने व्यक्तिले प्लास्टिक र सिसामा खानेकुरा बोकेर जाने र खाएपछि त्यही नै फ्याँकेर हिड्ने प्रवृत्ति वातावरण संरक्षणका लागि घातक देखिएको छ । बुकीपाटन क्षेत्रमा मात्रै नभई ढोरपाटन उपत्यकाको पाखाथरदेखि उकालो लागेपछि पदमार्गका छेउछाउ, कोल्सा, डाँडा, खोला र बुकीपाटनसम्मै बिस्कुट, चाउचाउका प्लास्टिक, सिसा, रेडबुल र पानीका बोत्तल छरपस्ट भेटिन्छन् । त्यस्ता फोहोर व्यवस्थापनमा सिकार आरक्षले पनि चासो दिनुपर्ने स्थानीयको भनाइ छ । बुकीपाटनमा पर्यटकले फालेको प्लास्टिकजन्य फोहर घासँमा मिसिर वस्तुभाउले खाँदा बिरामी परेर मर्ने गरेको ढोरपाटन नगरपालिका-६ का किसान तुलबहादुर अदैले गुनासो गर्नुभयो । फोहोर फल्नका लागि गोठालाले ठाउँठाउँमा खाल्डो निर्माण गरी दिएपछि पर्यटकले जथाभावी फल्ने गरेको स्थानीयको भनाइ छ। बुकीपाटनको गर्पाछेडा, दहखर्क, फुर्सेदेउराली, टीकाधारा, फागुने क्षेत्रमा बढी फोहर गरेको स्थानीय अदै बताउनुहुन्छ।

स्थानीय कुलबहादुर विकले अघिल्लो वर्ष बुकीपाटनमा छरिएका प्लास्टिक खाएर करिब ६० वटा भेडाबाख्रा र गाईभैँसी बिरामी परेको बताउनुभयो । पोसिलो घाँस खुवाउन बागलुङसहित रोल्पा, रुकुम, डोल्पा र म्याग्दीबाट गोठालाले आफ्ना वस्तुभाउ लिएर त्यहाँ जाने गरेका छन् ।

# पोखरामा सीजी मोटर्सको नयाँ मल्टि–ब्राण्ड आउटलेट सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, १ साउन

नेपालमा आयोन, एक्सपेङ र डायुन विद्युतीय सवारीसाधनको आधिकारिक वितरक सीजी मोटर्स प्रालिले पोखरामा आफ्नो नयाँ मल्टि-ब्राण्ड आउटलेट सञ्चालनमा ल्याएको छ।

गण्डकी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री भीम कार्कीले बिहीबार आयोजित एक समारोहबीच आउटलेटको उद्घाटन गरेका हुन्। नयाँ आउटलेटमार्फत ग्राहकले एउटै छानामुनि तीन विश्वप्रसिद्ध विद्युतीय सवारी ब्रान्डका अत्याधुनिक मोडेल अवलोकन गर्न, व्यक्तिगत परामर्श लिन, टेस्ट ड्राइभ गर्न तथा बिक्रीपछिको सेवा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ । कार्यक्रममा बोल्दै मन्त्री कार्कीले गुणस्तरीय सेवा र दीर्घकालीन ग्राहक सम्बन्धलाई प्राथमिकतामा राख्दै उपत्यकाबाहिर विद्युतीय सवारीको पहुँच विस्तार गरेकोमा सीजी मोटर्सको प्रशंसा गरे। उनले स्वच्छ ऊर्जा र वातावरणमैत्री यातायात प्रवर्द्धनमा निजी क्षेत्रको यस्तो पहल महत्वपूर्ण रहेको बताए। कम्पनीका सहायक महाप्रबन्धक कञ्चन शिलवालले पोखरामा




नयाँ आउटलेट सञ्चालनसँगै उपत्यकाबाहिर आधुनिक विद्युतीय सवारीको पहुँच विस्तार गर्ने कम्पनीको अभियानले थप गति लिएको बताए । उनले नेपालमा स्मार्ट, दिगो र प्रभावकारी मोबिलिटी समाधान प्रवर्द्धन गर्ने लक्ष्यलाई बल पुग्ने विश्वास कम्पनीको भएको उल्लेख गरे। कार्यक्रममा पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसनका अध्यक्ष दीपेन्द्र कोइरालाले उपत्यकाबाहिर विद्युतीय सवारीको बजार विस्तारमा सीजी मोटर्सले खेलेको भूमिकाको प्रशंसा गर्दै धन्यवाद व्यक्त गरे। कार्यक्रममा बोल्दै सिजिको गण्डकी प्रदेशका प्रमुख गोबिन्द ओलिले नेपालमा विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्यअनुसार सेवा सञ्जाल विस्तारलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै पोखरामा सञ्चालनमा आएको यो मल्टि-ब्राण्ड आउटलेटले गण्डकी प्रदेशका ग्राहकलाई अझ सहज, विश्वसनीय र स्तरीय सेवा प्रदान गर्ने विश्वास व्यक्त गरे। ओलिले पोखरा पर्यटन तथा विद्युतीय सवारीसाधनको बढ्दो बजार भएकाले यहाँ आयोन, एक्सपेङ र डायुन ब्राण्डका विद्युतीय सवारीसाधनलाई एउटै छानामुनि उपलब्ध गराइएको जानकारी दिए । कम्पनीले देशभर फैलिएको २ सय ६० भन्दा बढी चार्जिङ स्टेसनको सञ्जालमार्फत ग्राहकलाई सहज, पहुँचयोग्य र भरपर्दो चार्जिङ सुविधा उपलब्ध गराउँदै आएको जनाएको छ। यही पूर्वाधारका कारण सीजी मोटर्स नेपालका विश्वसनीय विद्युतीय सवारी प्रदायकमध्ये अग्रणी कम्पनीका रूपमा स्थापित भएको छ।

# रित्तिँदै गाउँ, सम्झनामा सीमित बन्दै बस्ती

पोखरापत्र संवाददाता
लमजुङ, १ साउन

लमजुङका धेरै ग्रामीण बस्ती अहिले सुनसान बन्दै गएका छन्। पुराना घरमा लागेको ताल्चा, आँगनमा उम्रिएको झार, भत्किँदै गरेका घर र बाँझो जमिन गाउँको परिचय जस्तै बनेको छ।

चौतारा र बस्तीहरू सुनसान छन् । बस्ती शून्य लाग्छन् । केही वर्षअघिसम्म चहलपहल हुने गाउँहरू अहिले मानिसविहीन बन्दै गएका छन्। गाउँमा सडक, बिजुली, खानेपानी र सञ्चार सुविधा पुगे पनि रोजगारी, शिक्षा र स्वास्थ्यको खोजीमा मानिसहरू सहर तथा विदेश जान थालेपछि गाउँ खाली हुँदै गएका हुन्।

यसको असर घर र जमिनमा मात्र नभई सामाजिक सम्बन्ध, संस्कृति, स्थानीय अर्थतन्त्र र परम्परागत सीपमा परेको छ । दोर्दी गाउँपालिका-३ श्रीमञ्ज्याङको पुरानो नेवार बस्ती रित्तिँदै गएको छ। केही दशकअघिसम्म बाक्लो बस्ती रहेको यो ठाउँ अहिले पातलिएको छ । धेरै घर खाली छन् भने केही घर जीर्ण अवस्थामा छन् । पचासी वर्षीय शेरबहादुर श्रेष्ठका अनुसार पहिले गाउँमा बिहानदेखि बेलुकासम्म चहलपहल हुन्थ्यो । चाडपर्व, मेलापात र सामाजिक काममा सबै गाउँले सहभागी हुन्थे। अहिले धेरै मानिस गाउँ छाडेर गएपछि पहिलेको जस्तो रमाइलो र सहयोगी वातावरण नरहेको उहाँ बताउनुहुन्छ। राइनास



नगरपालिका-८ हराबोटको सिक्रा गाउँको अवस्था पनि उस्तै छ । स्थानीय लालमाया श्रेष्ठका अनुसार पहिले सुविधा नभए पनि गाउँमा मानिस धेरै थिए। अहिले सुविधा थपिए पनि गाउँमा बस्ने मानिस घटेका छन्। गाउँ खाली हुँदै जाँदा यसको असर कृषि क्षेत्रमा पनि परेको छ। कृषि विकास कार्यालय लमजुङका सूचना अधिकारी सरोज थापाका अनुसार युवा पुस्ता बाहिरिँदा कृषि श्रमिकको अभाव भएको छ । खेतीयोग्य जमिन बाँझो रहने र उत्पादन घट्ने अवस्था आएको छ । उहाँका अनुसार पुस्तौँदेखि चलिआएका खेती गर्ने सीप, रैथाने बाली र स्थानीय ज्ञान नयाँ पुस्तामा हस्तान्तरण हुन कठिन भएको छ । कृषि विकास कार्यालयका अनुसार लमजुङमा ६१ हजार ८१९ हेक्टर खेतीयोग्य जमिनमध्ये ४५ हजार ७५७ हेक्टरमा मात्र खेती भइरहेको छ। १६ हजार ६२ हेक्टर जमिन बाँझो छ । सुन्दरबजार नगरपालिका-६ को पुरानो दिही गाउँ पनि बसाइँसराइको प्रभावमा परेको छ। स्थानीय मदन रेग्मीका अनुसार कुनै समय करिब ५० घरधुरी रहेको गाउँ अहिले निकै पातलिएको छ। गाउँमा मानिसको सङ्ख्या घट्दा खेतीपाती, स्थानीय संस्कृति र सामाजिक गतिविधिमा असर परेको छ। जिल्ला समन्वय समिति लमजुङकी उपप्रमुख बुनाकुमारी रिमालले गाउँ खाली हुनु सामाजिक, सांस्कृतिक र आर्थिक चुनौती भएको बताउनुभयो। उहाँका अनुसार युवा पुस्ता गाउँमा नहुँदा भाषा, संस्कार, संस्कृति र परम्परागत ज्ञान नयाँ पुस्तासम्म पुर्‍याउन कठिन भएको छ। दोर्दी गाउँपालिकाका उपाध्यक्ष बिच्छबहादुर गुरुङका अनुसार गाउँमा मानिस टिकाइराख्न आयआर्जनको आधार बलियो बनाउन आवश्यक छ । त्यसका लागि कृषि र पर्यटनलाई प्राथमिकता दिइएको उहाँले बताउनुभयो । गाउँपालिकाले घरबास सञ्चालन, कृषि प्रवर्द्धन र स्थानीय उत्पादनलाई बजारसँग जोड्ने काम गरिरहेको छ। कफी, खुर्सानीलगायत उत्पादनबाट किसानलाई आम्दानीसँग जोड्ने प्रयास गरिएको छ । गाउँ रित्तिँदै जानु केवल खाली घरको समस्या नभई कृषि, संस्कृति र स्थानीय अर्थतन्त्रसँग जोडिएको विषय हो। गाउँ जोगाउन कृषि आधुनिकीकरण, पर्यटन विकास र स्थानीय रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता देखिएको छ । दोर्दी क्षेत्रमा रहेका इलामपोखरी, दूधपोखरी, मेमेपोखरी र बारापोखरीलगायत धार्मिक तथा पर्यटकीय क्षेत्रलाई संरक्षण गर्दै पर्यटनसँग जोड्ने प्रयास भइरहेको छ । राष्ट्रिय जनगणना २०७८ ले पनि देशभर आन्तरिक बसाइँसराइको प्रवृत्ति बढ्दै गएको देखाएको छ।

यसको प्रभाव लमजुङका ग्रामीण क्षेत्रमा देखिएको छ। गाउँ रित्तिँदै जानु केवल खाली घरको कथा मात्रै होइन, यो त देशका अनेकन बस्तीका उस्तै उस्तै अवस्थाको फेहरिस्त पनि हो। खाली घरमा फेरि धुवाँ उड्ने, बाँझो जमिनमा फेरि उत्पादन हुने र गाउँको मौलिकता जोगिने अवस्था सिर्जना गर्नु नै अबको मुख्य चुनौती बनेको छ । त्यसका लागि कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन र स्थानीय उत्पादन बढाउनु र गाउँमा रोजगारीको अवसर बढाउनु जरुरी भइसकेको छ । अन्यथा, गाउँहरू एकादेशको कथा बन्न सक्ने भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

# मुस्ताङमा जोन कार्यक्रमअन्तर्गत ४५८ किसान सूचीकृत

पोखरापत्र संवाददाता
मुस्ताङ, १ साउन

जिल्लामा ४५८ किसान कृषि जोनमा सूचीकृत भएका छन् । नेपालमा 'कृषि जोन' (व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) कार्यक्रम आर्थिक वर्ष २०७३/०७४ देखि लागू भएको हो।

च्याङ्ग्रा, स्याउ र आलु उत्पादन वृद्धिका लागि किसानको जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत उक्त क्षेत्रमा जोन कार्यक्रम लागू गरिएको हो।

स्याउ, आलु र च्याङ्ग्रा गरी ४५८ जोन कार्यक्रमअन्तर्गत किसानका विभिन्न फार्म, समूह र सहकारी संस्था यहाँ सूचीकृत भएका हुन् । च्याङ्ग्रा जोन आव २०७८/०७९ स्याउ २०७५/०७६ र आलु २०८०/०८१ देखि जोन कार्यान्वयनमा आएको हो। स्याउ जोन कार्यक्रममा २५८ च्याङ्ग्रामा १३५ किसान सूचीकृत भएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ मुस्ताङका प्रमुख भरत गौतमले जानकारी दिनुभयो । जसमध्ये १२९ वटा कृषि फार्म र छ वटा कृषक समूह रहेका छन् । चालु वर्ष ५७ किसान च्याङ्ग्रा जोन कार्यक्रममा सूचीकृत भएका छन् । आलु जोनमा ९९ किसानको फार्म, समूह र सहकारी संस्था दर्ता छन्। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ मुस्ताङमा च्याङ्ग्रापालक किसानलाई पूर्वाधार निर्माण र कृषि उपकरणमा ५० प्रतिशत सहुलियत, स्याउ जोन कार्यक्रमअन्तर्गतका किसानलाई १६ हजार स्याउका बिरुवा वितरणमा ५० प्रतिशत अनुदान र आलु जोन कार्यक्रमअन्तर्गत २३ किसानलाई नौ हजार ८०० केजी आलुको बीउ वितरण गरिएको छ।

# नवलपुरमा आधुनिक सदरमुकाम निर्माण हुँदै

पोखरापत्र संवाददाता
म्याग्दी, १ साउन

देशकै कान्छो जिल्ला नवलपुरमा निर्माणाधीन नमूना जिल्ला सदरमुकामको कामले तीव्रता पाएको छ । सङ्घ र प्रदेश सरकारका अधिकांश कार्यालय एउटै प्रशासनिक परिसरमा सञ्चालन गर्ने उद्देश्यले कावासोती नगरपालिका-३ मा नमूना सदरमुकाम निर्माण भइरहेको हो।

नेपालको संविधान-२०७२ अनुसार नवलपरासी विभाजनपछि बनेको नवलपरासी (बर्दघाट-सुस्तापूर्व) जिल्लाका लागि करिब १८४ बिगाहा क्षेत्रफलमा यो आयोजना अघि बढाइएको हो । आयोजनाको शिलान्यास २०७६ वैशाख ७ मा भए पनि निर्माण कार्य २०८१ सालपछि मात्रै तीव्र रूपमा अघि बढेको हो । सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय चितवनका सूचना अधिकारी इन्जिनियर द्रोणमानदेव कटुवालका अनुसार हाल दुई वटा ठेक्कामार्फत पहिलो चरणमा १४ वटा भवन निर्माण भइरहेको छ। पहिलो ठेक्काअन्तर्गत चौधरी कन्स्ट्रक्सनले जिल्ला प्रशासन कार्यालय र दुई वटा एकीकृत प्रशासनिक भवन निर्माण गरिरहेको छ। रु २७ करोड लागतमा उक्त निर्माण कार्य आगामी पुसभित्र सम्पन्न गर्ने लक्ष्य छ। हालसम्म यसमा ५० प्रतिशत भौतिक र ४५ प्रतिशत वित्तीय प्रगति भएको कार्यालयले जनाएको छ । एकीकृत भवनमा हुलाक, आन्तरिक राजस्व, कोष तथा लेखा नियन्त्रक, जिल्ला निर्वाचन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइलगायतका कार्यालय सञ्चालन हुनेछन् । यस्तै, जिल्ला अदालत, जिल्ला समन्वय समिति र सशस्त्र प्रहरी बलका लागि भने छुट्टै भवन निर्माण भइरहेको छ। सबै भवन अपाङ्गमैत्री हुनेछन् । तीनतले भवनमा लिफ्ट र र्‍याम्पको व्यवस्था गरिनेछ भने जिल्ला अदालतको भवन चारतले हुनेछ।

दोस्रो ठेक्काअन्तर्गत समानान्तर-बुद्ध हिमाली जेभीले सिटी हलसहित ११ वटा भवन, सडक, खानेपानी, विद्युत्, तटबन्ध र पर्खाल निर्माणको काम गरिरहेको छ। रु तीन अर्ब ५० करोडको यो ठेक्कामा हाल ४२ प्रतिशत भौतिक र ४० प्रतिशत वित्तीय प्रगति भएको छ।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार आयोजना सम्पन्न भएपछि यहाँ २३ मिटर चौडाइका सडक, फुटपाथ, साइकल लेन, सडक बत्ती, पार्क, हरियाली क्षेत्र र करिब आठ किलोमिटर आन्तरिक सडक सञ्जाल निर्माण हुनेछ। पहिलो चरणमै ५०० क्षमताको सिटी हल, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत तथा अन्य सङ्घीय कार्यालय सञ्चालनमा आउनेछन् । गुरुयोजनाअनुसार प्रशासनिक, न्यायिक, सुरक्षा, सार्वजनिक सेवा र हरियाली क्षेत्र छुट्टाछुट्टै व्यवस्थापन गरिनेछ। प्रमुख जिल्ला अधिकारी, जिल्ला न्यायाधीशलगायत कर्मचारीका लागि आवास, अतिथिगृह, पुस्तकालय, सभाहल, खाजाघर, पार्किङ, फुटबल र क्रिकेट मैदानसमेत निर्माण गर्ने योजना छ।

आयोजनाअन्तर्गत कुल ४५ वटा सरकारी भवन निर्माण गर्ने लक्ष्य राखिएको छ । कुल क्षेत्रफलको ६० प्रतिशत भाग कङ्क्रिटरहित हुनेछ भने २१ दशमलव ५९ प्रतिशत क्षेत्र खुला रहनेछ। पार्किङ क्षेत्रमा एकैपटक ९५० वटा कार र १०० वटा बस पार्किङ गर्न सकिनेछ।

# गाउँका नमूना कृषक: न्यौपाने दम्पत्ति

पोखरापत्र संवाददाता
पर्वत, १ साउन

भैँसीको दूध बिक्री गरेर आम्दानी गर्न थालेपछि न्यौपाने दम्पत्ति गाउँका नमूना कृषक सावित भएका छन्।

मनग्गे धन कमाउने सपना बोकेर झण्डै १० वर्षअघि मलेसिया पुगेका दक्षिण पर्वतका पैँयू गाउँपालिका-४ हुवासका सूर्य न्यौपाने दुई वर्षमै स्वदेश फर्किनुभयो । सोचेजस्तो आम्दानी नभएपछि गाउँमा पशुपालन गर्ने सोच पलायो। यता श्रीमती गीता न्यौपानेले गाउँको गरिमा विकास बैंकको जागिर छोडी मिलेर भैँसीपालन व्यावसाय थाल्नुभयो । सुरुवातमा सात वटा स्थानीय जातका भैँसीबाट सुरु भएको उहाँको न्यौपाने भैँसी फार्म फैलिँदै गर्‍यो । विगत आठ वर्षदेखि सुरु गरेको फार्ममा अहिले स्थानीय र उन्नत जातका गरी २७ वटा पुगेका छन्। तीमध्ये अहिले २३ वटा दुहुना भैँसी छन्। आठ वर्षअघि सुरु गरेको भैँसी फर्मबाट न्यौपाने दम्पत्तिले दैनिक १०० लिटर दूध बिक्री गर्नुहुन्छ । बिहानदेखि राति अबेरसम्मै उहाँहरुको दैनिकी गोठमा बित्ने गर्छ । बैंकमा अरुका पैसा गनेर दिन कटाउने गीता अहिले मेहिनतको पैसा गन्न पाउँदा दङ्ग हुनुहुन्छ।

रु एक करोडको लगानीबाट सुरु भएको दम्पत्तिको भैँसीपालनबाट मासिक रु एक लाख नाफा हुने गरेको छ। गरिमा विकास बैंकको जागरी छाडेर पशुपालनमा लाग्दा पछुताउनुभएकी गीता उचित समयमा राम्रो निर्णय लिएकोमा खुसी हुनुहुन्छ। भैँसीपालन व्यवसायसँगै उहाँहरुको कुटानी पिसानी मिलसमेत छ। बाँकी रहेको दूधको मोही, दही, घ्यूउ, पनिर बिक्री गर्नुहुन्छ। मलेसियाको बसाइँ त्यागेर गाउँ फर्किएका सूर्य न्यौपानेले भैँसीपालनबाट सन्तोषजनक आम्दानी भएकोमा खुसी हुनुहुन्छ । भैँसीका लागि १०० रोपनीमा घाँसखेती गर्नुभएको छ। न्यौपाने दम्पत्ति मात्र हैन, उहाँको व्यवसायमा गाउँका अन्य चार जनाले रोजगारीसमेत पाउनुभएको छ । फार्ममा उत्पादित दूध स्थानीय हुवास, हातेमालोचोक, त्रिवेणीमा प्रतिलिटर रु १०० मा बिक्री गर्नुहुन्छ । परिवारसँगै रमाउँदै गाउँमै भैँसीपालन गरेर आम्दानी गर्नुको बेग्लै मज्जा छ, दुवै जनाले बताउनुभयो । व्यवसाय प्रवर्द्धनका लागि स्थानीय पैँयू गाउँपालिका, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइलगायत उहाँलाई अनुदानका साथै प्राविधिक सहयोग प्रदान गरेका छन् । राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ कार्यालय बागलुङका प्रमुख अर्जुनप्रकाश सुवेदीले कृषि तथा पशुपंक्षी उद्यमशिलता विकास कार्यक्रमअन्तर्गत भैँसी फर्मलाई गोठ बनाउन अनुदान उपलब्ध गराएको बताउनुभयो । फार्म सञ्चालकको रु चार लाख र कार्यालयको रु चार लाख अनुदान गरी साझेदारी अनुदान दिएको बताउनुभयो। गाउँमा खेतबारी बाँझै छाडी विदेशमा भौतारिनेलाई न्यौपाने दम्पत्तिको रचनात्मक कामले विदेश जान गरिने लगानीले गाउँमै गर्न सके सोचेभन्दा बढी आम्दानी र सन्तुष्टि मिल्छ भन्ने उदाहरण पेस गरेका छन्।